कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर
१ नं. प्रदेश, नेपाल

## तमोर नदिस्थित जयरामघाट क्षेत्रबाट ढुङ्गा, गिटी, बालुवा, ग्राभेल संकलन तथा विक्री सम्बन्धी सिलबन्दि दरभाउपत्र आव्हानको सूचना !!

**दोस्रो पटक प्रकाशित मिति: २०७८।०९।०१**

यस कुम्मायक गाउँपालिको सिमाना भएर बग्ने तमोर नदीको जयरामघाट क्षेत्रबाट ढुंगा, गिटी, बालुवा तथा ग्राभेल समेत संकलन तथा विक्री गर्न तपसिल बमोजिमको उल्लेखित ठेक्का अंकमा नघट्ने गरि आ.व. २०७८/०७९ को लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम वार्षीक ठेक्का अंक (मु.अ.क. बाहेक) | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| **1** | **01/078/79** | **कुम्मायक गाउँपालिका भित्रको सिमाना भएर बग्ने तमोर नदी स्थित जयरामघाटबाट स्वीकृत IEE प्रतिवेदन अनुसार निकालिने ढुङ्गा, गिट्टी, बालुवा, बिक्री मूल्य कर।** | **15,04,938.00** | **1,000.00** |

शर्तहरु:

दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उपर्युक्त वमोजिमको दस्तुर तिरी यस कार्यालयबाट कार्यालय समयमा खरिद गर्न सकिने छ। दरभाउपत्र फारम दस्तुर बैंक मार्फत बुझाउन चाहाने ठेकेदार, फर्म वा कम्पनीहरुले यस कार्यालयको मेगा बैंक शाखा कुम्मायक स्थित आन्तरिक राजस्व खाता नं ०९६००१०३७३४७४ मा जम्मा गरि सोको सक्कल भौचर समेत उपलब्ध गराउनु पर्नेछ।

- दरभाउपत्र साथ आफुले कवोल गरेको अङ्कको ५% ले हुने रकम यस कार्यालयको मेघा बैंक शाखा स्थित धरौटी खाता नं. ०९६००१००२१०१४ मा जम्मा गरेको सक्कल भौचर, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी साथै राखी खाम बाहिर प्रष्ट बुझिने गरि ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा बिक्रि कार्यको सिलबन्दि दरभाउपत्र उल्लेख गरि व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर तथा आ.व २०७७/०७८ को कर चुक्ताको प्रमाणपत्र समेत समावेश हुनुपर्ने छ। खरिद भएको दरभाउपत्र स्पष्टसँग भरि सिलबन्दि लाहाछाप लगाइ यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराइ सक्नुपर्ने छ ।
- रीतपुर्वक दर्ता हुन आएका दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे कार्यालयको बोलपत्र Opeaning समितिले दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने काममा बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
- न्युनतम ठेक्का रकम अंक भन्दा घटी कवोल गरि सिलबन्दि दरभाउपत्र पेश गर्न पाईने छैन, साथै ठेकेदार, फर्म वा कम्पनीहरुबाट कुनै सर्त राखिएको वा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।
- ठेकेदार, फर्म वा कम्पनीले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकमको पहिलो किस्तामा ५०% (प्रतिशत) बुझाउनु पर्नेछ र अन्य दुई किस्ता २५/२५% (प्रतिशत) मा विभाजन गरिने छ। दोस्रो किस्ता माघको पहिलो हप्ता र अन्तिम किस्ता चैत्रको दोस्रो हप्ता भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ। पहिलो किस्ता वाहेक बाँकि किस्ताको लागि सो बराबरको ठेक्का अवधि भरको म्याद भएको यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टि (परफरमेन्स बोन्ड) पेश गर्नु पर्नेछ। ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाइ तोकिएको समयभित्र सम्झौता गर्न आएमा स्वीकृत अंकमा १० प्रतिशत छुट दिन सकिनेछ।
- किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ। म्यादभित्र नबुझाएमा कार्यालयलाई ०.०२ प्रतिशत प्रतिदिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसाबले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्ने छ।
- वातावरण संरक्षण ऐन २०५३ को दफा ३ तथा नियमावली २०५४ को परिच्छेद २ बमोजिम EIA सम्बन्धी यस ठेक्काको सर्त मानी दुवै पक्षबाट पालना गरिनेछ।

- कुनै कारण देखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ । दर्ता हुन आएका दरभाउपत्र मध्ये स्वीकृत दरभाउपत्रवालालाई सम्झौता गर्न आउन भनि सूचना दिइने छ। सम्झौता गरी प्रचलित ऐन बमोजिम पट्टा पुर्जि लिई ठेक्का सञ्चालन गर्नु पर्ने छ।
- दरभाउपत्रदाताले दरभाउपत्रमा मूल्य अभिबृद्धी कर बाहेक ठेक्का अंक उल्लेख गर्नुपर्नेछ। प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर लगायतका बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्ने छ।
- कर , शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयं ले गर्नुपर्नेछ।नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेस गरी प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनुपर्नेछ।
- दरभाउपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि राजस्व कार्यालयबाट कर चुक्ताको प्रमाण पेस गरेपछी मात्र फिर्ता दिइनेछ।
- ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पुर्ण कर, दस्तुर , शुल्क आदी ठेकेदार स्वयंले बुझाउनुपर्नेछ। उक्त रकम ठेक्का अंकबाट कटाउन पाउने छैन। ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। बिचमा ठेक्का तोडेमा असुल हुन बाँकी रकममा १० % ब्याज जोडी असुल उपर गरिनेछ। यसरी ठेक्का तोडिन गई बाँकी अवधीको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेभन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल गरिनेछ।
- यस कुम्मायक गाउँपालिकाले तोकेका स्थानमा मात्र संकलन केन्द्र राखी कर र शुल्क असुल ग्नु पर्नेछ। सवारी आवगमनलाई अवरोध हुने गरी ढाट राख्न पाइने छैन।
- यस ठेक्का सम्बन्धी कुनै बिबाद सिर्जना भएमा कुम्मायक गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।
- ढुङ्गा गिटि बालुवा ग्रावेल, जस्ता सामाग्री खोलाबाट संकलन गरी गाउँपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नु पर्नेछ।
- यस ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०७९ ज्येष्ठ मसान्त सम्म कायम हुनेछ। सो मिति अगाबै सम्झौता भएको परिमाण पुरा भएमा सङ्कलन तथा बिक्री कार्य बन्द गरिने छ। २०७९ ज्येष्ठ मसान्त पश्चात पनि ढुङ्गा, गिट्टी बालुवा ग्राबेल जस्ता सामाग्री उत्खनन् क्षेत्रमै संकलन गरि राखेमा सो संकलित परिमाण कार्यालयको नै हुनेछ।
- यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी बाट प्रमाणित नगरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन।
- अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको समय भित्र सम्पर्क राख्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत